गौरीशंकर गाउँपालिका ४५ औ कार्यपालिका बैठक

आज मिति २०८२।०७।२१ गते यस गौरीशंकर गाउँपालिकाको ४५ औ कार्यपालिका बैठक गौरीशंकर गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री विश्वास कार्की |
| २. | उपाध्यक्ष | श्री उमा लुङ्गेली मगर शेर्पा |
| ३. | वडा नं १ अध्यक्ष | श्री प्रकाश बहादुर खड्का |
| ४. | वडा नं २ अध्यक्ष | श्री रोहित बुढाथोकी |
| ५. | वडा नं ३ अध्यक्ष | श्री युग बहादुर बस्नेत |
| ६. | वडा नं ४ अध्यक्ष | श्री शिवहरी खत्री |
| ७. | वडा नं ५ अध्यक्ष | श्री सुन्दर खड्का |
| ८. | वडा नं ६ अध्यक्ष | श्री निमासाङ्गे शेर्पा |
| ९. | वडा नं ७ अध्यक्ष | श्री सोनाम शेर्पा |
| १०. | वडा नं ८ अध्यक्ष | श्री दावारेन्जी शेर्पा |
| ११. | वडा नं ९ अध्यक्ष | श्री ङिमगेली शेर्पा |
| १२. | कार्यपालिका सदस्य | श्री गंगा चर्मकार सार्की |
| १३. | कार्यपालिका सदस्य | श्री देवी घतानी |
| १४. | कार्यपालिका सदस्य | श्री जिमि शेर्पा |
| १५. | कार्यपालिका सदस्य | श्री डोमा शेर्वा |
| १६. | कार्यपालिका सदस्य | श्री आङदोर्जी शेर्पा |
| १७. | कार्यपालिका सदस्य | श्री लानुरी शेर्पा |
| १८. | प्रमुख प्रशासकिय अधिकृत | श्री रिजेश उपरकोटी |

गौरीशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**निर्णय नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस अघि सम्पन्न भएको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन स्थितिका बारेमा समिक्षा सम्पन्न भयो ।सो सम्बन्धमा योजना कार्यान्वयनमा द्रुतता ल्याउनलाई थप निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : योजना कार्यान्वयन सम्बन्धमा**

गौरीशंकर गाउँपालिकाको आ.ब. २०८२।८३ को वडागत योजनाहरु सुत्र प्रणालिमा प्रविष्ट भई कार्यान्वयनमा भएकोम सो योजनाहरुको कार्यन्नवयनका लागी आवश्यक उपभोक्ता समितिहरु गठन कार्तिक मसान्त सम्ममा गर्ने तथा कार्यालयबाट मंसिर पहिलो हसामा योजना सम्झौता तथा अभिमुखिकरणका लागी परिचालन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३ : बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका भित्र यस आर्थिक वर्षमा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतको बजेट तथा कार्यक्रम पोषण प्रोफाईलमा प्राप्त अंक अनुसार वडा नं ४ मा कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं ४ : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका भित्र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८२।०८।१८ गते देखि २० गतेसम्म कार्यान्वयन गर्ने निर्णय गरियो । यसै सम्बन्धमा राष्ट्रपति रनिङ शिल्डको व्यवस्थापनका लागी हलेश्वर मा.वि. लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : खेलकुद कार्यक्रमको भुक्तानी सम्बन्धमा

उपरोक्त सम्बन्धमा मिति २०८२।०६।२५ देखि २०८२।०६।२८ गते सम्म बिगु गाउँपालिका ०४ सिंगटीमा ड्रिम टिम सिंगटी द्वारा आयोजित पालिका स्तरिय ७ ए साईड फुटबल प्रतियोगिता आयोजना गरि सोको कार्यान्वयनका लागी आर्थिक सहयोग माग भएकोमा तथा सो प्रतियोगिताका लागी गाउँपालिकाके विभिन्न वडाबाट सहभागी टोलीहरुको सहभागी खाना बास तथा अन्य खर्चका लागी आवश्यक भुक्तानी ड्रिम टिम तथा सम्बन्धित सेवा प्रदायकहरुलाई पेश भएको बिल भरपाईका आधारमा रु एक लाख ९० हजार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : कार्यपालिका अध्ययन भ्रमण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाँउपालिकाको कार्यपालिका टोली देशका अन्य स्थानमा आवश्यक अध्ययन भ्रमणका लागि मिति २०८२ साल कार्तिक २८ गते देखि मुगु जिल्ला भ्रमणमा जाने तथा सोका लागी कार्यपालिकाको निर्णय अनुसार चालु खर्च शीर्षकबाट भ्रमण लागत अनुमान अनुसार पेश्की रकम निकासाका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७ : आर्थिक सहायता सम्बन्धमा ।

क. गौरीशंकर गाँउपालिका वडा नं. १ निवासी श्री लिलामा जिरेललाइ क्यान्सर रोग लागि भक्तपुर क्यान्सर अस्पातालमा उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा गौरीशंकर गाँउपालिका १ नं. वडा कार्यालयको सिफारिस अनुसार आर्थिक सहायता स्वरुप रु. ४०,०००।– (चालिस हजार रुपैया मात्र ।) प्रदान गर्ने निर्णय गरियो ।

ख. गौरीशंकर गाँउपालिका वडा नं. २ निवासी श्री देव बहादुर नेपालीलाइ मुटु रोग लागि विर अस्पातालमा उपचार रहेको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा गौरीशंकर गाँउपालिका २ नं. वडा कार्यालयको सिफारिस अनुसार आर्थिक सहायता स्वरुप रु. ३०,०००।– (तिस हजार रुपैया मात्र ।) प्रदान गर्ने निर्णय गरियो ।

ग. भिमेश्वर नगरपालिका वडा नं. २ स्थित टाईगर टिम तिखातलले खेलकुद कार्यक्रम संचालन गर्न का आर्थिक सहयोगको लागि यस कार्यलयमा पेश गरेको निवेदन अनुसार उक्त सस्था लाई सहयोग स्वरुप रु. ३०,०००।– (तीस हजार रुपैया मात्र ।) प्रदान गर्ने निर्णय गरियो ।